# खरिदको लागि बोलपत्र आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति :२०८३ असार ०४ गते

बोलपत्र नं : ०१/०८२/०८३

यस धौलागिरी लघुवित्त वित्तीय संस्था लि. बागलुङ केन्द्रीय कार्यालयका लागि आर्थिक बर्ष २०८२/०८३ का स्वीकृत कार्यक्रम अनुसार Core Banking System (CBS) सञ्चालनका लागि सर्भर अपग्रेड गर्न आवश्यक बोलपत्र प्रस्ताव फाराममा उल्लेखित स्पेसिफिकेसन बमोजिमका सामाग्रीहरु खरीद तथा जडान गर्न इच्छुक, दर्ता भएका तथा इजाजतप्राप्त फर्म/कम्पनीहरुबाट शिलबन्धी बोलपत्र दरभाउपत्र (Sealed Tender Quotation) माध्यामबाट आपुर्ती गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनुभवी इच्छुक फर्म/कम्पनीहरुबाट निम्न सर्तहरुको अधिन रही शिलबन्धी बोलपत्र पेश गर्नु हुन आह्वान गरीएको छ ।

तपशिल

१) बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रथम पटक प्रकासित भएको मितिले १५ दिनभित्र पेश गर्नुपर्नेछ । यस कार्यालय बाट बोलपत्र फाराम शुल्क रु.२,०००।००(अक्षरुपी दुई हजार रुपैया मात्र) बैक जम्मा वा नगद बुझाई बोलपत्र फाराम प्राप्त गर्न सकिने छ ।

२) सार्वजनिक खरीद ऐन कानुन बमोजिम कालो सुचीमा परेको कम्पनी तथा प्रचलित कानुन बमोजिम गलत कार्य गरी कारवाहीमा परेको बोलपत्रमा सहभागी हुन पाईने छैन् । आफु योग्य रहेको ब्यहोरा सहितको स्व-घोषणापत्र लगायतका आवश्यक दर्ता प्रमाणपत्र बोलपत्र सगै पेश गर्नुपर्नेछ ।

३) बोलपत्र पेश गर्दा प्रथम पटक प्रकासित भएको मितिले १५ औ दिनमा कार्यालय समयभित्र, यस कार्यालय लाई सम्बोधन गरी के कामका लागि फारम पेश गर्न लागिएको हो सो कामको विवरण नाम, ठेगाना फोन नं, ईमेल ठेगाना समेत खुलाई आधिकारीक ब्यक्ति बाट सिलबन्धी बोलपत्र यस कार्यालयमा दर्ता गराउन सहिनेछ । दर्ता हुन आएको बोलपत्र फारम अख्तीयार प्राप्त ब्यक्ति बाछे दस्तखत साथै कार्यालयको छाप लागेको हुनुपर्नेछ ।

४) स्पेसिफिकेसन अनुसारको सामानहरु खरीद आदेश पाएमा मितिले सम्झौता अनुसार संस्थाले तोकेको क्षेत्र वा यस वित्तीय संस्था को केन्द्रीय कार्यालयमा जडान कार्य सम्पन्न गर्नुपर्नेछ ।

५) कार्यालयले तोकेको मितिमा बोलपत्र खोल्ने समयमा सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनलाई नै आधिकारीक मिति मानिनेछ ।

६) बोलपत्र सहभागी हुनका लागि विडवण्ड यस कार्यालयको एन.आई.सि एसिया बैक शाखा कार्यालय बागलुङ्मा रहेको खाता नं ०७४४१५००१९०४५००२ मा बोलकबोल रकमको ५ प्रतिशत जम्मा गरेको सक्कल भौचर शिलबन्दी प्रस्तावना संग संलग्न राख्नु पर्नेछ । साथै बोलपत्र सम्झौता पश्चात सम्झौता भएको सप्लायर्स बाहेक अन्यको रकम फिर्ता गरिनेछ

७) बोलपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ ।

८) बोलपत्र फाराममा उल्लेखित सम्पुर्ण सामानहरुहरुको दररेट अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । आशिंक रुपमा भर्न पाईने छैन ।

९) बोलपत्र पेश गर्दा Authorized Company बाट उत्पादित गुणस्तरीय सामाग्रीहरु मात्र हुनुपर्नेछ ।

१०) बोलपत्र पुरै आशिंक रुपमा समावेश गर्ने वा अस्वीकार गर्ने सम्पुर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहने छ ।

११) बोलपत्र संगै स्व-घोषणापत्र समावेश गरी खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वार्थ नबाझीने र ब्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित स्व-घोषणा गरेको कागजात बोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

१२) यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलब्ध गराईएको बोलपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ एवंम संस्थाको प्रचलित नियमानुसार हुनेछ ।

**तपसिलहरु**

| | | |
|---|---|---|
| दरभाउपत्र बुझाउने अन्तिम मिति | : | २०८३ असार १८ गते सम्म विहिवार (५:०० बजे) सम्म । |
| बुझाउने स्थान | : | यस वित्तीय संस्थाको कार्यालय श्रीनगरटोल ०२, बागलुङ । |
| दरभाउको वैधता अवधि | : | १५ दिन |
| भुक्तानी बिधि | : | सामान आपुर्ती पश्च्यात भुक्तानी साथै सम्झौतामा उल्लेख भए अनुरुप । |

सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ साथै संस्थाको विनियमा भएको ब्यवस्था अनुरुप सिलबन्धी बोलपत्रमा संलग्न हुनु पर्ने आवश्यक कागजात संलग्न वा तोकिएको विवरण अनुरुप नभएमा बोलपत्र अस्वीकृत गर्न सकनेछ ।

www.dhaulagiribank.com, dlbs.itdep076@gmail.com, dlbs.gsdepart@gmail.com मा सम्पर्क/समन्व गर्नुसक्नुहुनेछ ।

**धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड**
**DHAULAGIRI LAGHUBITTA BITTIYA SANSTHA LIMITED**
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था राष्ट्रियस्तर कार्यक्षेत्र भएको"

केन्द्रिय कार्यालय
बागलुङ नगरपालिका-२, श्रीनगरटोल, बागलुङ